# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
### कोशी प्रदेश, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना ।**

**दोश्रो पटक प्रकाशित मिति २०८२।०५।१८**

पाखीबास नगरपालिकाबाट स्विकृत पाखीबास नगरपालिकाको आर्थिकि ऐन २०८२ बमोजिम नगरपपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क **(यस कार्यालयले तोकिदिएको क्षेत्रमा)** चालु आ. व. २०८२।०८३ का लागि प्रचलित कानुन बमोजिम आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपशिल समय, मिति र स्थानमा छुट्टा छुट्टै गोप्य शिलबन्दि दरभाउपत्र पेश गर्नहुन(७ दिनको) यो सुचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपशिल

| सि नं | विवरण | न्यूनतम बार्षिक दर (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | हाटबजार शुल्क (दैनिक गुद्रीबजार, सासाहिक हाटबजार) | रु १०००००। (एक लाख रुपैया मात्र) । | रु १०००। | ७ औ दिन २०८२।०५।२४ गते कार्यालय समय भित्र | ८औं दिन२०८२।०५।२५ गते दिनको १२ बजे सम्म | ८ औं दिन २०८२।०५।२५ गते दिनको २ बजे |
| २ | राम्चेडाँडा भ्यू टावर प्रवेश शुल्क | रु २०००००। (दुई लाख रुपैया मात्र) | रु १०००। | ७ औ दिन २०८२।०५।२४ गते कार्यालय समय भित्र | ८औं दिन२०८२।०५।२५ गते दिनको १२ बजे | ८ औं दिन २०८२।०५।२५ गते दिनको २ बजे |

शर्तहरु

१. शिलबन्दि बोलपत्रको साथ आफुले कबोल गरेको कुल अंकको ५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको एन आई सि एसिया बैक लि को पाखीबासमा रहेको स्थानीय तह धरौटी खाता नं **88CA502647524003** मा जम्मा गरेको सकलै भौचर संलग्न गर्नुपर्नेछ।

२. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर तिरी पाखीबास नगरकार्यपालिकाको कार्यालयको राजस्व शाखा बाट कार्यालय समय भित्र खरिद गर्न गर्न सकिनेछ ।

३. तोकिएको न्यूनतम बार्षिक दरमा सबै भन्दा बढी अंक कबोल गर्ने र रितपुर्वक पेश भएको आवेदनलाई स्विकृत गरिनेछ । दर्ता भएका शिलबन्दि बोलपत्रबाट ८ औं दिनको अपरान्ह २ बजे कार्यालयका प्रतिनिधी र आवेदकको रोहवरमा शिलबन्दि खोलिनेछ । आवेदकको अनुपस्थिती भएमा पनि यस कार्यालयलाई शिलबन्दि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. म्याद नाघी आएको वा रित नपुगेको फारम उपर कुनै कार्वाही हुने छैन ।बोलपत्र पेश गर्ने तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बोलपत्र सम्बन्धी कारवाही हुनेछ ।

५. शिलबन्दी बोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

६. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत वा अन्तिम किस्ता ४० प्रतिशत गरि विभाजन गरिनेछ ।यसरी किस्ता निर्धारण गरि पहिलो किस्ता रकम सम्झौता गर्दाकै बखतमा र अन्तिम किस्ता बरावरको ४० प्रतिशत रकम सम्झौता भएको मितिले ४ महिना भित्रमा बुझाउनु पर्नेछ ।अन्तिम किस्ता बापतको रकमको हकमा कुल ठेक्का रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्रास बैंकले जारी गरेको २०८३ आषाढ मसान्त अवधि रहेको पर्फरमेन्स बोण्ड पेश गर्नु पर्नेछ वा कबोल अंकको एकमुष्ठ रकम तथा १३ प्रतिशत मु.अ. कर समेत सम्झौताको बखतमा नै जम्मा गरेमा पर्फर्मेन्स बोण्ड पेश गर्नु पर्ने छैन ।

७. पाखीबास नगरपालिकाको आर्थिक ऐन २०८२ ले निर्धारण गरेको सेवा शुल्क भन्दा बढी रकम सेवा शुल्क बापत लिन पाईने छैन ।

८. अन्य जानकारीको लागि यस कार्यालयको वेभ साईट pakhribasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ । ......................

(विज्ञान कोईराला)
प्रमुख प्रशासकीय अधिकृत



फोन नं.: ०२६-४०५१६५, वेबसाइट : www.pakhribasmun.gov.np, ईमेलः pakhribas.nagarpalika@gmail.com